आज मिति २०७५ साल श्रावण २३ गते बुधवारका दिन यस नरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | अनुपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**निर्णय नं.१:** यस व्यास नगरपालिका वडा नं.३ अन्तर्गत अनसन चौतारी नजिकै रहेको खुल्ला मैदानलाई एउटा अत्याधुनिक सुविधा सम्पन्न पार्कको रुपमा विकास गर्दै शहरको सुन्दरतामा शोभा बढाउने उद्देश्यले आ.व.२०७४/०७५ मा नै कम्पाउण्डवाल (मेकाफेरी) लगाई संरक्षण गरिसकिएको र क्रमिक रुपमा त्यसको योजनाबद्ध विकासको प्रस्ताव तयार गरी सोही अनुरुप भौतिक संरचना निर्माण एवं (अर्नामेन्टल प्लान्ट) सुन्दरताजन्य वृक्षहरुको वृक्षारोपणको कार्यक्रम अगाडि बढाउने निर्णय गरियो । महर्षि वेद व्यासको जन्मभूमि एवं पराशर ऋषिको तपोभूमिको रुपमा एउटा धार्मिक एवं ऐतिहासिक महत्व बोकेको यस क्षेत्रमा निर्माण प्रस्ताव गरिएको उक्त पार्कको नाम "व्यास पराशर पार्क दमौली" भनी नामाकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको पत्र संख्या २०७५/०७६ चलानी नम्बर ५२ मिति २०७५/०४/११ को यस नगरपालिकालाई प्राप्त योजनाहरुको विवरण माग सम्बन्धी पत्रका सम्बन्धमा छलफल हुँदा उल्लेखित मन्त्रालय र यस नगरपालिकाको सहलगानीमा निर्माण हुने गरी निम्नानुसारका दुईवटा योजनाहरु छनौट गरी पठाउने तथा सहलगानी गर्ने गरी छनौट भई प्रस्ताव गरी पठाउने योजनाहरुको लागत अनुमान अनुसार हुन आउने सहलगानी प्रकिया बमोजिमको आर्थिक दायित्व यस नगरपालिकाले पनि लिने प्रतिबद्धता पत्र समेत पठाउने निर्णय गरियो ।

**तपशिल**

(क) पार्क/मनोरन्जन स्थल: "व्यास पराशर पार्क दमौली" व्यास ३ दमौली तनहुँमा रहेको करिब १५ रोपनी क्षेत्रफल भएको ।

(ख) सुविधा युक्त शौचालय:- तनहुँ कालिका जंगल पार्क व्यास ४ दमौली तनहुँमा रहेको करिब १५० रोपनी क्षेत्रफल भएको ।

**निर्णय नं.३:** नेपाल पर्यटन वोर्डले प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं अन्य विशेष महत्वको दृष्टिले अग्रणी स्थान रहेका "सम्भाव्य पर्यटकीय गन्तव्य स्थल" छनौटको लागि विभिन्न न्यूनतम मापदण्डहरु समेत निर्धारण गरी आवेदन मागको सूचना प्रकाशित गरेको सन्दर्भमा सूचनामा उल्लेखित मापदण्डहरुका आधारमा यस नगरपालिका अन्तर्गत वडा नं ११ मा अवस्थित तनहुँशुर क्षेत्र प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं भौगलिक दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको र उक्त क्षेत्रमा सहज पहुँचका लागि आवश्यक अन्य न्यूनतम आधारभूत पूर्वाधारहरु समेत पुगिसकेको हुनाले "सम्भाव्य पर्यटकीय गन्तव्य स्थलको" रुपमा छनौट गरिदिन सम्बन्धित निकायमा प्रस्ताव गरी आवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** युवाको लागि सुरक्षित स्थान (Safe Space For Youth) भन्ने मुल नाराका साथ यही श्रावण २७ गते अन्तर्राष्ट्रिय युवा दिवश मनाउने सम्बन्धमा राष्ट्रिय युवा परिषदको मिति २०७५/०४/१६ को पत्रको आधारमा जिल्ला युवा समितिको कार्यालय तनहुँबाट लेखी आएकोमा सोसँग सम्बन्धित कार्यक्रमहरुमा समन्वय गरी अन्तर्राष्ट्रिय युवा दिवश भव्यरुपमा मनाउन यस नगरपालिकाबाट सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं.५:** नेपाल सकार स्वास्थ्य बिमा वोर्ड तनहुँको पत्र संख्या २०७५/०७६ चलानी नम्बर १२ मिति २०७५/०४/११ को पत्रद्वारा प्राप्त यस तनहुँ जिल्ला अन्तर्गतका स्थानीय तहहरुको स्वास्थ्य बिमा सम्बन्धी अवस्थाका सम्बन्धमा छलफल भयो । तुलनात्मक हिसाबले यस नगरपालिकाको विमित परिवार संख्या न्यून रहेको पाइएको हुनाले स्थानीय स्वास्थ्य संस्था लगायत स्वास्थ्य स्वयंसेविकाहरु मार्फत सो स्वास्थ्य बिमाको महत्व एवं औचित्य सम्बन्धी प्रचार प्रसारलाई अझ प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं.६:** यस नगरपालिकाका ऐतिहासिक, धार्मिक, पर्यटकीय एवं प्राकृतिक एवं भौगोलिक दृष्टिकोणले महत्वपूर्ण रहेको स्थानहरुको पहिचान एवं प्रचार प्रसारमा सहयोग पुऱ्याउने तथा स्थानीय तहमा जनप्रतिनिधिहरुको बहाल भए पश्चात भए गरेका पूर्वाधार विकास एवं मानवीय संशाधन विकासका कार्यक्रमहरुको पूर्णचित्र संप्रेशण हुने गरी बिन्जु बिहान मिडिया प्रा.लि. व्यास ५ तनहुँले पेश गरेको बृत्तचित्र (Documantry) निर्माण सम्बन्धी ३,९०,९८०। को लागत अनुमान सहितको प्रस्ताव उपर छलफल गरियो । निर्माण हुने बृत्तचित्र स्थानीय विद्युतीय संचार माध्यमहरुबाट प्रशारण समेत स्वयं बृत्तचित्र निर्माणकर्ता कम्पनीले नै आफ्नै खर्चमा गराउने गरी प्रस्तावमा उल्लेखित सम्पूर्ण प्रक्रियाहरु पुरा गरी बृत्तचित्र तयार गर्ने निर्णय गरियो । साथै सो बृत्तचित्र निर्माण गरे वापत सम्पूर्ण कर सहित एक मुष्ठ रु.२,५०,०००। (दुई लाख पचास हजार रुपैया) मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.७:** मादीगंगा महिला बहुउद्देश्यीय सहकारी संस्था लि. दमौली तनहुँको पत्र संख्या २०७५/०७६ चलानी नम्बर ४ मिति २०७५/०४/१७ को पत्रद्वारा घरेलु हिंसा तथा यौनजन्य हिंसाबाट पिडीतहरुको अल्पकालिन आश्रय स्थल तथा मनोसामाजिक मनोविमर्श केन्द्र संचालनको निरन्तरताका लागि माग भई आएकोमा उल्लेखित संस्थाले विगतमा पनि सन्तोषजनक रुपमा नै माथि उल्लेखित दुवै कार्यक्रमहरु संचालन गर्दै आएको हुनाले कार्यालयबाट नियमित अनुगमनको व्यवस्था मिलाउने गरी यस वर्ष पनि उल्लेखित कार्यक्रमहरु संचालन गर्न मादीगंगा महिला बहुउद्देश्यीय संस्था लि. लाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.८:** व्यास नगरपालिका वडा नं ७ मा स्वास्थ्य इकाइ नभएको हुँदा नगर सभाबाट पारित स्वास्थ्य इकाइ सञ्चालन गर्न प्रस्ताव कार्यक्रम यस व्यास नगरपालिका वडा नं ७ छापथोकमा रहेको वडा नं ७ को वडा समिति कार्यालयको भवनमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने गरी आवश्यक भौतिक एवं जनशक्ति व्यवस्थापनको लागि निर्णय सहित वडा नं ७ को कार्यालयबाट अनुमतिका लागि लेखी आएकोमा सो क्षेत्रको जनसंख्या तथा बिरामीहरुको चाप र स्वास्थ्य संस्थाहरुसम्मको पहुँचको दुरीका आधारमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न मनासिव देखिएकोले अविलम्ब प्रस्तावमा उल्लेख भए अनुसारको भौतिक श्रोत साधन तथा जनशक्ति व्यवस्थापन मिलाई यथाशक्य चाडो शहरी स्वास्थ्य केन्द्र संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** यस नगरपालिकाको मुख्य शहरी क्षेत्रदेखि उत्तरतर्फ करिब ८ किलो मिटरको दुरीमा रहेको कलेस्ती बजार र आसपासको क्षेत्रमा भौगोलिक दृष्टिले जिल्लाको सुरक्षा पहुँच सहज हुन नसक्दा सो क्षेत्रमा दिनानुदिन विभिन्न अपराधिक गतिविधिका घट्नाहरु बढिरहेको हुनाले सो क्षेत्रमा प्रहरीचौकी/बिट स्थापनको अपरिहार्यता रहेको व्यहोरा सहित वडा नं ७ को कार्यालयबाट सम्बन्धित निकायमा पहलका लागि लेखी आएको हुनाले विषयको गाम्भिर्यता माथि छलफल हुँदा व्यास ७ को शेरामा प्रहरीचौकी स्थापना गरेको खण्डमा कलेस्ती बजार र आसपासमा रहेका व्यास ५, व्यास ६, व्यास ७, व्यास ८, व्यास ९ र व्यास १० को आंशिक क्षेत्रमा समेत शान्ति सुरक्षाको पहुँच सहज हुन जाने निश्कर्ष सहित प्रहरीचौकी/बिट स्थापना गर्न जिल्ला प्रहरी कार्यालय तनहुँलाई

अनुरोध गरी पठाउने साथै भौतिक संरचना निर्माण र अन्य आवश्यकीय प्रबन्ध यस नगरपालिकाबाट मिलाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१०:</u>** यही मिति २०७५ साल भाद्र ७, ८ र ९ गते राष्ट्रिय सभागृह भृकुटी मण्डप काठमाण्डौमा सम्पन्न हुन गइरहेको नेपाल नगरपालिका संघको छैठौ राष्ट्रिय अधिवेशनमा यस नगरपालिकाबाट पनि सहभागिता जनाउने निर्णय गरियो । साथै सो अधिवेशनको प्रवेश शुल्क वापत तोकिएको रकम समेत भुक्तानी दिने निर्णय गरियो ।
**<u>निर्णय नं.११</u>:** व्यास नगरपालिका वडा नं ६ मादीवेशी स्थित सामुदायिक स्वास्थ्य इकाइमा रहेको कार्यालय सहयोगी पदको जनशक्ति व्यवस्थापनका सम्बन्धमा सरोकारवालहरुसँग छलफल गरी जनशक्ति व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१२</u>:** नेपाल मगर युवा संघ तनहुँले आयोजना गर्न लागेको प्रथम स्व.गोरेबहादुर खपाङ्गी स्मृति फुटवल प्रतियोगिता २०७५ को लागि सहयोग माग भई आएकोमा पेश हुन आएको प्रस्ताव माथि छलफल गरी रु.२०,०००। (बिस हजार रुपैयाँ) मात्र खेलकुद कार्यक्रम सम्बन्धी बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** विश्वका अन्य नगरपालिकाहरु, अन्तर्राष्ट्रिय नियोगहरु तथा दाताहरुसँग यस नगरपालिकाको सम्बन्ध विस्तार गर्दै विकास र सहयोगमा अभिवृद्धि गर्न तथा यस नगरको पर्यटकीय, भौगोलिक, ऐतिहासिक, प्राकृतिक, धार्मिक, आर्थिक एवं सामाजिक महत्वका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसारको पहुँच सुश्निचित गर्न त्यससँग सम्बन्धित ज्ञाताको सहयोग आवश्यक पर्ने र सो सम्बन्धी विशेष ज्ञाताको रुपमा अनुभव हासिल गरिरहेका यस व्यास नगरपालिका वडा नं ११ निवासी राजेन्द्रबहादुर अधिकारीलाई यस नगरपालिकाको अन्तर्राष्ट्रिय सम्बन्ध सल्लाहकारका रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४:</u>** इन्डोनेशियाको सुरवाय शहरमा यही भाद्र २७ गते देखि ३० गतेसम्म आयोजना हुन गइरहेको United Cities and Local Government Asia Pacifie को सातौ अन्तर्राष्ट्रिय अधिवेशनमा भाग लिनको लागि यस नगरपालिकालाई निमन्त्रण प्राप्त हुन आएकोमा उक्त कार्यक्रममा सहभागिताको लागि यस नगरपालिकाका नगर प्रमुखज्यूलाई पठाउने निर्णय गरियो । साथै उक्त अधिवेशमा सहभागिताको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्विकृति माग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं १५</u>:** यस नगरपालिका अन्तर्गत रहेका नदीजन्य पदार्थ उत्खनन हुने निम्नानुसारका घाटहरुमा निम्नानुसार वार्षिक न्यूनतम मूल्यबाट बढाबढ हुने गरी प्राकृतिक साधन उपयोग करको ठेक्का बन्दोवस्तीको लागि बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

(क) पृथ्वी राजमार्ग अन्तर्गत मादीनदीको पक्की पुलदेखि ५०० मिटर उत्तरतर्फ नदीको दुवै किनारा हुँदै नदी वारीतर्फ रिस्ती खोला र पारी शिशाघाट मोटरेवल पुलसम्म फैलिएको व्यक्तिगत जग्गा तथा निषेधित क्षेत्र बाहेकको नदी किनारको वार्षिक न्यूनतम रकम रु.४,००,००,०००। (चार करोड) मात्र ।

(ख) व्यास १३ को वेलवास बजारबाट दक्षिणतर्फ अवस्थित न्युरोघारीदेखि व्यास १४ को खहरे अन्तर्गत पर्ने ढांडखोलासम्मको सेती नदीको यस नगरपालिका खण्ड तर्फको व्यक्तिगत जग्गा तथा निषेधित क्षेत्र बाहेकको नदी किनारको न्यूनतम वार्षिक रु.५०,००,०००। (पचास लाख रुपैयाँ) मात्र ।

**<u>निर्णय नं.१६:</u>** व्यास नगरपालिका क्षेत्रभित्र बस्ने कुनैपनि बालबालिकाहरु शिक्षाको अवसरबाट बन्चित हुन नपरोस् भन्ने उद्देश्यका साथै बालबालिकाहरु सहजरुपमा विद्यालयसम्म पुगेर पठन पाठन गर्ने वातावरण निर्माण गर्ने अभिप्रायले हरेक सामुदायिक विद्यालयहरुको प्रभाव क्षेत्र (Catchment Area) निर्धारण गर्नुपर्ने आवश्यकता रहेको हुनाले सबै वडा कार्यालयहरुले आ-आफ्नो वडा भित्र रहेका सामुदायिक विद्यालयहरुको व्यवस्थापन समितिसँग समन्वय गरी प्रभाव क्षेत्र निर्धारण गर्ने र सो क्षेत्रका बालबालिकाहरुलाई विद्यालयसम्म पुर्याई पठन पाठन गर्ने वातावरणको लागि विद्यालयलाई नै जिम्मेवार गराउदै नियमित अनुगमनको व्यवस्था वडा समितिले मिलाउने गरी कार्यक्रम अगाडि बढाउने निर्णय गरियो ।